कार्यपालिका बैठक

मिति २०८२/०५/३० गते यस बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यू अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्ष लगायत अन्य कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा कार्यपालिका बैठक बसी तपशिल बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बारपाक सुलिकोट-१ | |
| ४ | पूर्णबहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-२ | |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-४ | |
| ७ | शिब बहादुर खड्का | वडा अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-६ | |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-७ | |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-८ | |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-१ | |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-२ | |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-४ | |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-५ | |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-६ | |
| १६ | मायादेवी गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-७ | |
| १७ | श्री सुवास आले | सदस्य सचिव | बा.सु.गा.पा.का. | |
| १८ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | बा.सु.गा.पा.का. | |
| १९ | श्री गंगा बहादुर घले | स.ले.अ. | बा.सु.गा.पा.का. | |
| २० | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | बा.सु.गा.पा.का. | |
| २१. | तेजमाया गुरुङ | स.क.अ | बा.सु.गा.पा.का. | |

# मिति २०८२/०५/३० गतेको कार्यपालिका निर्णयहरु

| क्र. श. | प्रस्ताव | निर्णयहरु |
| --- | --- | --- |
| १ | समिक्षा सम्बन्धमा। | आ.व २०८१/०८२ हाल सम्मको योजना प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो। |
| २ | उपभोक्ता समति गठन तथा अभिमुखिकरण सम्बन्धमा। | मिति २०८२/०४/२६ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार उपभोक्ता समिति गठन सम्पन्न गरी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो। |
| ३ | सामाजिक सुरक्षा भत्ता सम्बन्धमा। | सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण गर्न बाँकी लाभग्राहीलाई यथासिघ्र परिचय पत्र नविकरण गर्ने साथै आ.व २०८२/०८३ को पहिलो चौमासिक सामाजिक सुरक्षा भत्ता दशैं अगावै वितरण गर्ने वातावरण मिलाउन प्रभु बैंक, ग्लोबल आइ.एम.ई बैंक र साङ्ग्रिला बैकसँग समन्वय गर्ने सर्वसम्मत निर्णय गरियो। |
| ४ | सडक बाटो सरसफाई सम्बन्धमा। | नजिकिदै गरेको चाडपर्वलाई लक्षित गरि मन्सुन/वर्षाका कारण क्षति पुगेका गाउँपालिका अन्तर्गतका सडकहरुको कोटेशन विधी मार्फत मर्मत एवं सरसफाई गरी सडक आवागमन सहज बनाउने सर्वसम्मत निर्णय गरियो। |
| ५ | जेन्जी (GEN-Z) आन्दोलनका सहिदप्रति श्रदाञ्जली सम्बन्धमा। | मिति २०८२ साल २३ गतेबाट जेन्जी(GEN-Z) युवाहरु द्वारा आह्वान भएको आन्दोलनका क्रममा यस गाउँपालिका वडा नं ५ लाकुरीबोट निवासी २३ वर्षीय पहिलो जेन्जी सहिद विमल वावु भट्ट लगायत सहादत प्राप्त गर्ने सबै सहिदहरु प्रति गाउँपालिकाको तर्फवाट भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दै शोकाकुल परिवार जनमा गहिरो समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै शोकप्रस्ताव पारित गर्ने निर्णय गरियो। |
| ६ | शिक्षक सरुवा सम्बन्धमा। | शिक्षक सरुवाका सम्बन्धमा यस अगाडि गरिएको नितिगत निर्णय कडाइ पूर्वक कार्यान्वयान गर्ने गराउने र सो बमोजिम गर्न सबै विद्यालय व्यवस्थापन समिति एवण विद्यालय प्रशासन लाइ निर्देशन दिने निर्णय गरियो। |
| ७ | **विविध।** | क) **नेपालीहरुको महान पर्व बिजयादशमी एवं शुभ दिपावली २०८२** को अवसरमा गाउँपालिका परिवार, गाउँपालिका क्षेत्रका सम्पूर्ण कार्यालय, सुरक्षा निकाय, शुभचिन्तक, व्यावसायी लगायत देश विदेशमा रहनुभएका सम्पूर्ण गाउँपालिकावासीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो।<br>ख) दरौंदी नदीको कालिका हाइड्रोपावरको ड्यामसाइटबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रि वितरणका लागि विगतमा जस्तै अजिरकोट गाउँपालिकासंग समन्वय एवं सहकार्य गर्ने निर्णय गरियो। साथै गाउँपालिका क्षेत्र भित्रका वातावरणीय प्रभाव मुल्याङ्कन गरिएका अन्य घाट एवं खानीबाट नदी जन्य तथा |

सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | अन्य निर्माण सामाग्री उत्खनन, संकलन तथा विक्री वितरणका लागि आवश्यक ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।<br>ग) कृषि सेवा तथा पशु सेवा शाखाबाट पेश भएको "**उत्पादनमा आधारित अनुदान कार्यविधी २०८०**" को संशोधन प्रस्ताव सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो ।<br>घ) मिति २०८२ साल २३ गतेबाट जेन्जी(GEN-Z) युवाहरु द्धारा आह्वान भएको आन्दोलनका क्रममा सहादत प्राप्त **पहिलो जेन्जी सहिद विमल वावु भट्टको** परिवारलाई क्रिया खर्च वापत यसअघि गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारीको तर्फबाट रु. २४,००० उपलब्ध गराइएकोमा गाउँ पालिकाको तर्फबाट थप रु.३०,०००/- प्रदान गर्ने निर्णय गरियो ।<br>ङ) सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरणका लागि लाभग्राहिको राष्ट्रिय परिचय पत्र तथा बायोमेट्रिक स्क्यान अनिवार्य गरिएकोमा कतिपय लाभग्राहिको राष्ट्रिय परिचयपत्र बनिनसकेको, बनाउनको लागि शारिरिक एवं भौगोलिक अवस्थाका कारण असहज भएको, कतिपय लाभग्राहिहरुको बायोमेट्रिक स्क्यानर डिभाइसले बायोमेट्रिक स्क्यान नलिएको सन्दर्भमा राष्ट्रिय परिचय पत्र विवरण संकलन शिविर संचालनका लागि जिल्ला प्रशासन कार्यालय गोरखा लाई अनुरोध गर्ने एवं समन्वय र सहजिकरणका लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागलाई लेखि पठाउने निर्णय गरियो ।<br>च) वर्गीकरण छुट भएको कित्ता जग्गा सम्बन्धित वडा सिफारिस अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने निर्णय गरियो ।<br>छ) जनप्रतिनिधि एवं राष्ट्रसेवक कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता प्रति प्रतिवद्ध रहँदै सबैले पुर्ण रुपमा पालना गर्ने निर्णय गरियो । |